धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ अनूसूची १४ (नियम २६ को उपनियम (१) सँग सम्बन्धित)

# आ.व. २०७८/०७९को तेस्रो त्रैमासिक प्रतिवेदन

## सिईडिबि हाइड्रोपावर डेभलपमेन्ट कम्पनी लिमिटेड

दोस्रो तल्ला, ब्लुस्टार कम्प्लेक्स, त्रिपुरेश्वर, काठमाडौं ।
फोन :०१-४१०११४०/४२२२६०९

### १. वित्तीय विवरण :

क) आ.व.२०७८/०७९ को तेस्रो त्रैमासिक विवरण व्यवस्थापनद्वारा तयार गरिएको अपरिष्कृत वित्तिय अवस्थाको विवरण तथा आय विवरण ।

वित्तिय अवस्थाको विवरण (रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको |
|---|---|---|
| | चैत्र मसान्त २०७८ सम्ममा | पौष मसान्त २०७८ सम्ममा |
| **सम्पत्ति** | | |
| **गैह्व चालु सम्पत्ति** | | |
| कार्यालय उपकरण | २,६८९,७७८.१५ | २,७४९,८५७.५६ |
| पूँजीगत कार्य प्रगति | ४,६६१,४४९.५६ | ४,६३३,५००.५६ |
| लगानी | ४४८,०४८,४१०.७९ | ४४८,०४८,४१०.७९ |
| **जम्मा गैह्व चालु सम्पत्ति** | ४५५,३९९,६३८.५० | ४५५,४३१,७६८.९१ |
| **चालु सम्पत्ति** | | |
| मुद्दती निक्षेपमा लगानी | २२५,०००,०००.०० | २२५,०००,०००.०० |
| नगद तथा बैंक मौज्दात | ५,७६८,८३५.६९ | ६,३६१,७६०.०८ |
| अग्रिम भुक्तानी, पेश्की, सापटी तथा धरौटी | ९३,५०१,६९६.४४ | ७७,७१४,९७४.३२ |
| आसामी | ५२४,८२४,४६३.९४ | ४९३,४६०,९२५.०८ |
| जम्मा चालु सम्पत्ति | ८४९,०९४,९९६.०७ | ८०२,५३७,६५९.४८ |
| **जम्मा सम्पत्ति** | १,३०४,४९४,६३४.५७ | १,२५७,९६९,४२८.३८ |
| **पूँजी तथा दायित्व** | | |
| **पूँजी तथा जगेडा कोष** | | |
| शेयर पूँजी | ८३९,४१०,०००.०० | ८३९,४१०,०००.०० |
| जगेडा कोष र संचित नाफा | ३७३,७६०,००३.४३ | ३३८,२६१,९८३.०८ |
| **जम्मा पूँजी तथा जगेडा कोष** | १,२१३,१७०,००३.४३ | १,१७७,६७१,९८३.०८ |
| **दायित्व** | | |
| **गैह्व चालु दायित्व** | | |
| दीर्घकालीन बैंक | १,२४३,७१२.७८ | १,३२०,७०५.४७ |
| **चालु दायित्व र व्यवस्था** | | |
| व्यापारिक र अन्य दायित्व | ५४,३८२,७३५.०८ | ५५,१११,२३०.०१ |
| अन्य व्यवस्थाहरु | ३५,६९८,१८३.२८ | २३,८६५,५०९.८३ |
| जम्मा चालु दायित्व तथा व्यवस्थाहरु | ९०,०८०,९१८.३६ | ७८,९७६,७३९.८४ |
| **जम्मा पूँजी तथा दायित्व** | १,३०४,४९४,६३४.५७ | १,२५७,९६९,४२८.३९ |

आय विवरण (रकम रु. मा)

| विवरण | लेखा परीक्षण नभएको | लेखा परीक्षण नभएको |
|---|---|---|
| | चैत्र मसान्त २०७८ सम्ममा | पौष मसान्त २०७८ सम्ममा |
| **आम्दानी** | | |
| सेवा शुल्क | १०७,१५४,९९९.९९ | ७६,५५०,०००.०० |
| ब्याज आम्दानी | ४७,६३१,९०९.६५ | २६,३९२,४२१.३७ |
| लाभांश आम्दानी | - | - |
| अन्य आम्दानी | - | - |
| **जम्मा आम्दानी** | १५४,७८६,९०९.६४ | १०२,९४२,४२१.३७ |
| **खर्च** | | |
| प्रशासनिक खर्च | (११,४८९,३५०.१७) | (७,०८२,८२४.९०) |
| ब्याज खर्च | (१३५,७७२.९९) | (८८,५८३.२०) |
| ह्रासकट्टी | (३६९,०५३.३६) | (३०८,९७३.९५) |
| जम्मा खर्च | (११,९९४,१७६.५२) | (७,४८०,३८२.०५) |
| **आयकर अघिको नाफा** | १४२,७९२,७३३.१२ | ९५,४६२,०३९.३२ |
| चालू वर्षको आयकर व्यवस्था | (३५,६९८,१८३.२८) | (२३,८६५,५०९.८३) |
| **आयकर कट्टी पछिको नाफा** | १०७,०९४,५४९.८४ | ७१,५९६,५२९.४९ |

**नोट:** माथि उल्लेखित अंकहरु आवश्यकता अनुसार पुन:वर्गीकरण गर्न सकिने छ ।
लेखा परीक्षण नभएका अंकहरु लेखापरीक्षक तथा नियामक निकायको निर्देशन बमोजिम हेरफेर हुन सक्नेछ ।

**ख) प्रमुख वित्तीय अनुपातहरु सम्बन्धि विवरण निम्नाअनुसार छन् ।**

| अवधी | प्रतिशेयर आम्दानी रु. (वार्षिकिकरण) | प्रतिशेयर नेटवर्थ रु. | तरलता अनुपात | प्रतिशेयर कुल सम्पतीको मूल्य रु. | मूल्य आम्दानी अनुपात |
|---|---|---|---|---|---|
| **यस त्रैमासिक अन्त्य सम्ममा** | १७.०१ | १४४.५३ | ९.४२ | १५५.४० | ४५.३८ |

### २. व्यवसायिक विश्लेषण:

क) **त्रैमासिक अवधीमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भएको भए सो को प्रमुख कारण सम्बन्धी विवरण:** कम्पनी संग रहेका लगानी योग्य रकम हाललाई मुद्धती खातामा राखिएकोले नगद मौज्दात तथा तरलता बढेको छ ।

ख) **आगामी अवधीको व्यवसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण:**
कम्पनीले लगानी गरेको जलविद्युत आयोजनाहरु मध्ये तल्लो खारे खोला जलविद्युत आयोजनाले विधुत उत्पादन गरी राष्ट्रिय विद्युत प्रसारणमा विधुत प्रवाह गर्दै आएको छ । साथै दोर्दी–१ जलविद्युत आयोजनाको उत्पादन परिक्षण कार्य जारी रहेको छ तथा यसले चाडै नै विद्युत उत्पादन शूरु गर्ने अनुमान गरिएको छ । रुकुम गाड जलविद्युत आयोजनाबाट आगामी असोज सम्ममा विद्युत उत्पादन हुने अनुमान रहेको छ । कम्पनीको लगानी रहेको ४५ मे.वा.को कसुवा खोला जलविद्युत आयोजनाको निर्माण कार्य आ.व. २०७९/८० मा प्रारम्भ हुने अनुमान छ ।

ग) **विगतको अनुभवबाट, संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण:**
कम्पनीको नाफा र नगद प्रवाहमा प्रतिकुल असर पार्ने खालको घटना र अवस्था देखिएको छैन । तर मानवीय नियन्त्रण भन्दा बाहिरको दैवि प्रकोप (काबु बाहिर) को असर भने सदा रहिरहने छ ।

### ३. कानूनी कारबाही सम्बन्धी विवरण:

यस त्रैमासिकमा संस्थाले कसै विरुद्ध र कसैले संस्था विरुद्ध साथै संस्थापक र संचालक विरुद्ध कुनै मुद्दा मामिला परे/गरेको छैन ।

### ४. संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण:

क) धितोपत्र बजारमा संस्थाको शेयर कारोबार नियमानुसार सामान्य प्रकृतिबाटै भएको छ । यस त्रैमासिक अवधिमा संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कुल दिन तथा कारोबार संख्या नेपाल स्टक  एक्सचेन्ज लिमिटेडको वेवसाइट अनुसार:

| | |
|---|---|
| अधिकतम मूल्य रु. | १,१३०.०० |
| न्यूनतम मूल्य रु. | ७४२.९० |
| अन्तिम मूल्य रु. | ७७२.०० |
| कारोबार भएको कुल दिन | ५८.०० |
| कारोबार संख्या | २०,९५२.०० |

ख) धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा: शेयर बजारले निर्धारण गर्ने यस संस्थाको शेयरको मूल्य र कारोबारमा यस संस्थाको कुनै हस्तक्षेप रहेको छैन ।

### ५. समस्या तथा चुनौती:

कम्पनीको जलविद्युत आयोजनामा रहेको लगानीमा जलविद्युत आयोजनासँग सम्बन्धित समस्या, चुनौती र जोखिमहरुले कम्पनीले प्राप्त गर्ने प्रतिफललाई प्रभाव पार्नेछ ।

### ६. संस्थागत सुशासन:

संस्थागत सुशासन अभिबृद्धिका लागि व्यवस्थापनले कर्मचारीको वृद्धि विकास, आवश्यक कार्यकक्ष र सामाग्रीहरुको समुचित व्यवस्था कार्यका लागि उचित वातावरण तयार गर्ने गरेको छ ।

### ७. सत्य, तथ्य सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:

आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।